श्री

उच्च अदालत जनकपुर

संयुक्त इजलास

इजलास नं. १

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल

**फैसला**

निर्णयनं.-४२०

फौ.नं.-०८१-CS-०३८८

रजिष्ट्रेशन नः-३६-०८०-०६४८८

**मुद्दा : दाइजो सम्बन्धी कसूर।**

जिल्ला धनुषा जनकपुर उप-महानगरपालिका वडा नं.९ मा वस्ने देवनारायण साहको वुहारी शिव शंकर प्रसाद साहको श्रीमती पुजा साहको जाहेरीले नेपाल सरकार........................................................................................१ } पुनरावेदक वादी

**विरुद्ध**

जिल्ला धनुषा जनकपुर उप-महानगरपालिका वडा नं.९ मा वस्ने देवनारायण साहको श्रीमती लालमणी देवी..........................................................१

ऐ वस्ने सत्यदेव साहको छोरा देवनारायण साह .......................................१

ऐ वस्ने देवनारायण साहको छोरा शिवशंकर प्रसाद साह.............................१

जिल्ला धनुषा, नगराईन नगरपालिका वडा नं.४ वस्ने सिताराम साहको छोरा संजय साह..............................................................................................१

ऐ वस्ने संजय साहकी श्रीमती गौरी कुमारी साह .......................................१

} प्रत्यर्थी प्रतिवादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |
| सुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री दिल कुमार वर्देवा |
| शुरु फैसला मिति | २०८१।०३।२३ |
| शुरू मुद्दा नम्बर | ०८०-C१-०४५५ |
| पुनरावेदन दर्ता मिति | २०८१।०८।२५ |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरी एको छः-**

## तथ्य खण्ड

१. **जाहेरी दरखास्तः** म जाहेरवालाको पक्षबाट मिति २०८०।०२।२५ गते नगद रु. १५,००,०००/- रुपैयाँ, Fzमोटरसाईकल तथा १३ भर सुन समेत दाईजो दिई जातीय परम्परा अनुसार बिपक्षी शिवशंकर प्रसाद मागी बिवाह गरेकोमा बिपक्षी पतिले मेरो सासु ससुरा, निजको दिदी भिनाजु समेत घरमा रहेको बेलामा बिपक्षी पतिलाई उक्साहटमा पारी दाईजो कम ल्याएको तथा थप दाईजो नल्याएको निहुँमा मलाई कुटपिट गरी गाली बेईज्जती गरी मिति २०८०।०८।१८ गते बिपक्षीहरु सबैजना मिली मलाई कुटपिट गरी मलाई हैरानि दिएको तथा बिवाह पश्चात सबैजनाको सहमतिमा काठ्माडौ जाउँ भन्ने कुरा चलेपछि म र मेरो बिपक्षी श्रीमान दुबै जना काठ्माडौ गई बसेका हौं। कहिले आफ्नो जनकपुरमा रहेको घरमा त कहिले काठ्माडौसँगै बसी हाम्रो दाम्पत्य जीवन ठिकठाक चलिरहेको थियो। बिपक्षीहरुले थप दाईजो माग गर्दा मैले जिस्काएको होला भनि अनुमान गर्थे तर बिपक्षीसँग काठ्माडौ बस्दा बारम्बार दाईजो माग गर्दा मैले बिवाह गर्दा दिएकै हुँ। अब केको दाईजो भनि भनेकोमा हामी बीच विवाद हुँदा बिपक्षी पतिले कुटपिट गाली बेईज्जती गरेकोमा पनि सहेर बस्दै आएको थिएँ । पतिले मलाई श्रीमती नभई नोकरनी सरह व्यवहार गरी दाईजो स्वरुप चार चक्का गाडी र काठ्माडौमा जग्गा नदिए मेरो भाई तिमीलाई यसरी नै दुःख दिने भनि संजय साह समेतले भनेकोमा मेरो पति शिवशंकर प्रसाद साहले बारम्बार दाईजो माग्दा मैले पनि बिहेमा दाईजो दिएकै हुँ, अब कति दिनु, मेरो बुवा कुनै करोडपति छैन, तपाईंलाई पैसा दिनको लागि काठ्माडौमा घडेरी किन्नको लागि मेरो पुरा सम्पत्ति बेचे पनि पुग्दैन भनेकोमा मलाई मेरो श्रीमान, दिदी गौरी कुमारी साह र भिनाजु समेत मिली कुटपिट गरी तिम्रो बुवाले पैसा दिनुपर्छ नत्र हामी तिमीलाई राख्दैनौ भनेकोमा म सहेर बसें। पटकपटक मलाई दाईजो सम्बन्धमा तनाव दिएपछि म जनकपुरस्थित रहेको मेरो ससुरा घरमा आई सबै जना भएकै बेला सासु, ससुरा, श्रीमान र श्रीमानको दिदी गौरी कुमारी साह तथा भिनाजु संजय साह समेत आएको बेलामा पतिलाई उक्साहटमा पारी बिपक्षी पतिले मिति २०८०।०८।१० गते दाईजो कम ल्याएको तथा थप दाईजो नल्याएको निहुँमा कुटपिट गरी गालि बेईज्जती गरी घाँटी घोक्रयाई घरबाट निकाला गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७४(३) बमोजिम कसुर गरेकोले निजहरुलाई आवश्यक कारवाही गरी घरमा बस्ने बाताबरण मिलाई क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने ब्यहोराको पुजा साहको जाहेरी दरखास्त।

२. **घटनास्थल मुचुल्काः**- जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.९ स्थित मोहडा भएको ३ तल्ले पक्की घर प्रतिवादी शिवशंकर प्रसाद साहको रहेको सो घरको भुईतल्ला हुँदै तेस्रो तल्लामा गई हेर्दा जाहेरवाली पुजा कुमारी साह सुत्ने कोठा रहेको, सो घरमा मिति २०८०।०९।१८ गते जाहेरवालीको श्रीमान शिवशंकर प्रसाद साह, निजको बुवा देवनारायण साह, आमा लालमुनी देवी, दिदी गौरी कुमारी साह, निजकै भिनाजु संजय कुमार साह समेतले जाहेरवाली पुजा साहलाई थप दाईजोको निहुँमा गाली बेईज्जती तथा

कुटपिटको कार्य समेत गरी गाली बेईज्जती समेत गरी घाँटी घोक्रयाई घरबाट बाहिर निकाला गरेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का।

३. **प्रतिवादी लालमणी देवीको वयानः-** मिति २०८०।०२।२५ गते जातीय परम्परा अनुसार पुजा साहसँग मरो छोरा बर्ष २७ को शिवशंकर प्रसाद साहसँग भएको हो। बिहेको बेलामा पुजा साहको बुवाले आफ्नो छोरीलाई लगाउनको लागि गहना बनाईदिएका हुन। उक्त गहना कति तोलाको थियो, मलाई यकिन भएन। मेरो बुहारी माईत जाने बेलामा उक्त गहनाहरु लगाई माईत जाने आउने तथा बेलाबेलामा लगाउने गर्थिन्। बिहेकै बेलामा बुहारी पुजा साहको बुवाले आफ्नो ज्वाईंलाई चढ्नको लागि Fz कम्पनीको मोटरसाईकल आफुखुसी दिएका थिए। दाईजोको रुपमा कुनै किसिमको जिन्सी सामान तथा नगद रुपैयाँ पैसा मागेका छैनौं। जाहेरीमा उल्लेखित रु.१५,००,००/-(पन्ध्र लाख) रुपैयाँ बुहारी पुजा साहको आफन्तले दिएको होईन यो कुरा सरासर गलत हो। हामीले कुनै रुपैयाँ पैसा माग गरेका छैनौं। बिहेको १० दिन पछाडि बुहारी पुजा साहको ब्यवहार फरक देखेपछि निजलाई घरमा राम्रोसँग बस्नुपर्छ, पढ्ने मन छ भने पढ भनि सम्झाई बुझाई गरेको हो। पछि छोरा शिवशंकर प्रसाद साह र बुहारी पुजा साह काठमाडौमा गई काम गरी बस्दै गरेको अवस्थामा दुबै श्रीमान श्रीमती बिच ब्यक्तिगत कुरामा बिवाद भई झगडा भएको कुरा सुनी थाहा पाएको हो। पछि श्रीमती अर्कै केटासँग लागेको, घण्टौसम्म पर पुरुषसँग कुरा गर्ने श्रीमानले भनेको कुरा नमानी आफुखुशि गर्ने लगायतका कुरा छोरा शिवशंकर प्रसाद साहबाट सुनि थाहा पाएको हो। मेरो परिवारको कुनै पनि सदस्यले निजलाई दाईजोको बिषयलाई लिएर कुटपिट गरेको तथा अनावश्यक टर्चर दिएको छैन। जाहेरवाली बुहारी पुजा साहलाई मेरो छोरोसँग बस्न मन नभएर निजले दुनिया बहाना बनाएकी हुन। बुहारीको बुवाले छोरा मोटरसाईकलमा चढ्छ भनि आफुखुशी Fz कम्पनिको मोटरसाईकल दिएका हुन। ससुरा पक्षबाट कुनै किसिमको दाईजोको रुपमा सामानको माग गरेको तथा प्राप्त गरिएको छैन। कुनै जग्गा तथा चार चक्काको समेत माग गरिएको छैन। निजले अनाहकमा घर परिवारलाई बदनाम गर्नको लागि घरपरिवारको सबै सदस्य समेतलाई बिपक्षी बनाई जाहेरी दरखास्त दिएकी हुँदा मलाई प्रहरीले अनुसन्धानको क्रममा पक्राउ गरी ल्याएको हो भन्ने प्रतिवादी लालमणी देवीको वयान।

४. **सुजन कुमार साहको कागजः-** प्रतिवादी देवनाराय साह आफ्नो घर परिवारको मानिसहरु समेत भई आफ्नो छोरा शिवशंकर प्रसाद साहको विवाह गर्नको लागि मेरो आफ्नो सानी आमाको छोरी जाहेरवाली पुजा साहको घरमा गई निजको बुवा आमासँग पुजा साहलाई मागी विहे गरे वापत नगद रु.१५,००,०००/- रुपैयाँ, FZ मोटरसाईकल, १३ भर सुन दाईजो स्वरुप माग गरेकोमा उक्त दाईजो मेरो सानो बुवा जाहेरवालीको बुवा नथु साहले दिई मिति २०८०।०२।२५ गते जातीय परम्परा अनुसार पुजा साह र शिवशंकर प्रसाद साहको विवाह भएको थियो। दिदी जाहेरवाली पुजा साहलाई निजको पति शिवशंकर प्रसाद साहले जिल्ला धनुषा जनकपुर-उप-महानगरपालिका वडा नं.०९ स्थित आफ्नो घरमा ल्याई राखेको थियो। निजहरुको दाम्पत्य जिबन राम्रोसँग बित्दै आईरहेको थियो। सो पश्चात घर परिवारको सबै मानिसहरुको सहमतिमा जाहेरवाली दिदी पुजा साहलाई निजको पतिले

भिनाजु शिवशंकर प्रसाद साहले आफुसँग काठमाडौ लगेर राख्ने गरेको त कहिले आफनो जनकपुरको घरमा ल्याई राख्ने गरेका थिए। प्रतिवादी शिवशंकर प्रसाद साहले जाहेरवाली पुजा साहलाई थप दाईजो माग गर्दा जिस्काएको होला भनी जाहेरवालीले अनुमान गऱ्थ्यो। प्रतिवादी शिवशंकर प्रसाद साहसँग जाहेरवाली पुजा साह काठमाडौमा बस्दा प्रतिवादी शिवशंकर प्रसाद साहले बारम्बार थप दाईजो माग गर्दा जाहेरवाली पुजा साहले बिहे हुँदा मेरो बुवाले तपाईलाई दाईजो दिएकै हो, अब के-को दाईजो भनी भनेकोमा जाहेरवाली पुजा साह र निजको पति शिवशंकर प्रसाद साह बिच बिबाद हुँदा प्रतिवादी शिवशंकर प्रसाद साहले जाहेरवाली पुजा साहलाई कुटपिट गाली बेईज्जती गरी घरमा नोकरनी सरहका व्यवहार गर्दै आई रहेको थियो। सो पश्चात जाहेरवाली आफनो पतिसँग काठमाडौबाट जनकपुरको घरमा आई बसेकोमा प्रतिवादी शिवशंकर प्रसाद साहको बुवा देवनारायण साह, निजको श्रीमती लालमुनी देवी, निजको छोरी गौरीकुमारी साह. छोरी ज्वाई संजय साह समेतले प्रतिबादी शिवशंकर प्रसाद साहलाई उस्काई प्रलोभनमा पारी जाहेरवाली पुजा साहसँग पटक-पटक थप दाईजो स्वरुप चार चक्का गाडी, काठमाणडौमा जग्गा माग गर्ने गरेको विषयलाई लिएर बादविबाद झगडा हुँदै आएको थियो। सो कुरा मिलाउनको लागि स्थानीय स्तरमा बसेको मसमेतको भद्र भलादमी तथा पंचहरुले प्रतिवादी शिवशंकर प्रसाद साह समेतलाई सम्झाई बुझाई गर्दा नमानी उल्टै जाहेरवाली पुजा साहलाई राख्दैनौ भनी मिति २०८०।०८।१८ गते बिपक्षीहरु सबै जना मिली जाहेरवाली पुजा कुमारी साहलाई कुटपिट. गाली बेईज्जती गरी, घाँटी घोक्राबाई घरबाट बाहिर निकाली दिएको अबस्थामा देखेको हो भन्ने सुजन कुमार साहले गरी दिएको घटना विवरण कागज।

५. **घटना विवरण कागजः-** प्रतिवादी देवनारायण साह आफ्नो घर परिवारको मानिसहरुसमेत भई आफ्नो छोरा शिवशंकर प्रसाद साहको बिबाह गर्नको लागि मेरो भान्जी जाहेरवाली पुजा साहको घरमा गई निजको बुवा आमासँग पुजा साहलाई मागी बिहे गरे बापत नगद रु.१५,००,०००।-(पन्ध्र लाख) रुपैयाँ, FZ मोटरसाईकल, १३ भर सुन दाईजो स्वरुप माग गरेकोमा उक्त दाईजो जाहेरवालीको बुवाले दिई मिति २०८०।०२।२५ गते जातीय परम्परा अनुसार पुजा साह र शिवशंकर प्रसाद साहको बिबाह भएको थियो। पुजा साहलाई निजको पति शिवशंकर प्रसाद साहले जिल्ला धनुषा जनकपुर-उप-महानगरपालिका वडा नं.०९ स्थित आफ्नो घरमा ल्याई राखेको थियो। निजहरुको दाम्पत्य जीबन राम्रोसँग बित्दै आईरहेको थियो। सो पश्चात घर परिवारको सबै मानिसहरुको सहमतिमा जाहेरवाली पुजा साहलाई निजको पतिले आफुसँग काठमाडौ लगेर राख्ने गरेका, कहिले आफ्नो जनकपुरको घरमा ल्याई राख्ने गरेका थिए। प्रतिवादी शिवशंकर प्रसाद साहले जाहेरवाली पुजा साहलाई थप दाईजो माग गर्दा जिस्काएको होला भनी जाहेरवालीले अनुमान गर्थ्यो। प्रतिवादी शिवशंकर प्रसाद साहसँग जाहेरवाली पुजा साह काठमाण्डौमा बस्दा प्रतिवादी शिवशंकर प्रसाद साहले बारम्बार थप दाईजो माग गर्दा जाहेरवाली पुजा साहले बिहे हुँदा मेरो बुवाले तपाईलाई दाईजो दिएकै हो अब के-को दाईजो भनी भनेकोमा निज जाहेरवाली पुजा साह र निजको पति शिवशंकर प्रसाद साह बीच बिबाद हुँदा प्रतिवादी शिवशंकर प्रसाद साहले जाहेरवाली पुजा साहलाई कुटपिट गाली बेईज्जती गरी घरमा नोकरनी सरहको व्यवहार

गर्दै आईरहेको थियो। सो पश्चात जाहेरवाली आफ्नो पतिसँग काठमाडौबाट जनकपुरको घरमा आई बसेकोमा प्रतिवादी शिवशंकर प्रसाद साहको बुवा देवनारायण साह, निजको श्रीमती लालमुनी देवी, निजको छोरी गौरी कुमारी साह, छोरी ज्वाई संजय साह समेतले प्रतिवादी शिवशंकर प्रसाद साहलाई उस्काई प्रलोभनमा पारी जाहेरवाली पुजा साहसँग पटक-पटक थप दाईजो स्वरुप चार चक्का गाडी, काठमाडौमा जग्गा माग गर्ने गरेको बिषयलाई बादविवाद झगडा हुँदै आएको थियो। सो कुरा मिलाउनको लागि स्थानीय स्तरमा बसेको म समेतको भद्र भलादमी तथा पंचहरुले रामानन्द चौक स्थित पार्टी पैलेशमा बसी प्रतिवादी शिवशंकर प्रसाद साह समेतलाई सम्झाई बुझाई गर्दा नमानी उल्टै जाहेरवाली पुजा साहलाई राख्दैनौ भनी मिति २०८०।०८।१८ गते बिपक्षीहरु सबै जना मिली जाहेरवाली पुजा कुमारी साहलाई कुटपिट, गाली बेईज्जती गरी, घाँटी घोक्रायाई घरबाट बाहिर निकाली दिएकोमा भान्जी जाहेरवाली पुजा साह जनकपुरमा छुटै कोठा भाडा लिई बस्दै आईरहेकी छिन। सो घटना सम्बन्धमा भान्जी जाहेरवाली पुजा साह र निजको घर परिवारको मानिसहरुले बताउँदा सुनी थाहा पाएको छु। प्रतिवादी शिवशंकर प्रसाद साह, निजको बुवा देवनारायण साह, आमा लालमुनी देवी, निजको छोरी गौरीकुमारी साह, छोरी ज्वाई संजय साह समेतले जाहेरवाली पुजा साहसँग बिबाह पश्चात थप काठमाडौमा घर र गाडी थप दाईजो मागेकोमा जाहेरवाली पुजा साहले थप दाईजो नदिएकोमा निजलाई प्रतिवादीहरुले कुटपिट, गाली बेईज्जती गरी घाँटी घोक्रायाई घरबाट बाहिर निकाली दिएकोमा प्रतिवादीहरुलाई हदैसम्मको सजाय कारवाही गरी क्षतिपुर्तिसमेत दिलाई भराई पाउँ भन्ने शिवशंकर साह, आशुतोष कुमार साह समेतले गरेको घटना विवरण कागज।

६. **नथु साहको कागजः**- प्रतिवादी शिवशंकर प्रसाद साह मेरो ज्वाईं हुन। प्रतिवादी मध्ये मेरो सम्धी नातामा पर्ने देवनारायण साह आफ्नो घर परिवारको मानिसहरु समेत भई आफ्नो छोरा शिवशंकर प्रसाद साहको विवाह गर्नको लागि मेरो घरमा आई हाम्रो घरपरिवारसँग सामाजिक रितिरिवाज अनुसार मेरो छोरी पुजा साहसँग मागी बिवाह गर्ने प्रस्ताव गरेकोमा त्यतिबेलाको समयमा म लगायतका घर परिवारका सदस्यहरुलाई उक्त केटा र सम्बन्ध मन परी सामाजिक रिवाज अनुसार घरमै जन्ति ल्याई बिहे भएको हो। बिहेकै क्रममा मैले सामाजिक रिवाज अनुसार केटा पक्षबाट माग भए बमोजिमको नगद रु.१५,००,०००।- (पन्ध्र लाख) रुपैयाँ, Fz मोटरसाईकल र १३ तोला सुन समेत दाईजो दिएको हुँ। समाजको लोकलाजमा परी ऋण काढी दाईजो दिई छोरीको बिवाह गरीदिएको हो। आफै ऋणमा परेको हुँ। छोरीलाई ज्वाईं समेत मिली काठ्माडौमा जग्गा र चार चक्का सवारी समेत किनिदिनु भनि थप दाईजो मागी घर निकाला पनि गरीदिएका छन्। सो बेलामा मलाई बिवाहमा दाईजो दिनु हुदैन भन्ने कानुनी ज्ञान थिएन। एउटा बुवालाई छोरीको बिवाहमा ऋण कर्जा गरी दाईजो पनि दिनु छोरीको घर ब्यवहार पनि बिग्रिनु जस्ता कुराहरु आफ्नो आँखाले हेर्नुपर्दा कस्तो पिडा हुन्छ, त्यो कुरा मैले भोगिराखेको हुँ। तसर्थ प्रतिवादीहरुलाई दाईजो सम्बन्धी कसुरमा हदैसम्मको कारवाही गरी पाउँ भन्ने व्यहोराको नथु साहको कागज।

७. **अभियोगपत्रः** मिति २०८०।०२।२५ गते जाहेरवालीको बिवाह प्रतिवादी शिवशंकर प्रसाद साहसँग भएको बेला सामाजिक परम्परा अनुसार जाहेरवालीको घरपरिवारका ब्यक्तिहरुले प्रतिवादी पक्षहरुलाई नगद रु.१५,००,०००/-(पन्ध्र लाख), Fz मोटरसाइकल, १३ (तेह्र तोला सुन) दिई विवाह भएको तथा मिति २०८०।०८।१८ गते थप दाईजोको निहुँमा जाहेरवालीको श्रीमान शिवशंकर प्रसाद साह, निजको बुवा देवनारायण साह, आमा लालमुनी देवी, दिदी गौरीकुमारी साह, निजकै भिनाजु संजय कुमार साहसमेतले जाहेरवाली पुजा साहलाई थप दाईजोको निहुँमा गाली बेईज्जती तथा कुटपिटको कार्य समेत गरी गाली बेईज्जती समेत गरी घाँटी घोक्रयाई घरबाट बाहिर निकाला गरी अमानवीय व्यवहार गरेकोले प्रतिवादीहरु लालमुनी देवी, देव नारायण साह, शिव शंकर प्रसाद साह, संजय साह र गौरी कुमारी साहलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७४(३) बमोजिमको कसुरमा दफा १७४(४) बमोजिम सजाय गरी पाउन मागदावी लिई पेश भएको वादी नेपाल सरकारको अभियोगपत्र।

८. **प्रतिवादी लालमणी देवीले सुरु अदालतमा आई गरेको वयानः**-म उपरको अभियोग माग दावी झुठ्ठा हो। मेरो छोरा शिव शंकर प्रसाद साहको जाहेरवालीसँग विवाह हुँदा हामीले कुनै दाईजो नमागी आदर्श विवाह गराएका हौ। जाहेरवालाको बुवाले आफ्नो छोरीलाई के कति गर गहना दिएका सो समेत मलाई थाहा छैन। जाहेरवालाले आफ्नै साथमा नै राख्दै आएका हुन भने FZ मोटरसाइकल मेरो छोराले आफै खरिद गरेका हुन। हामीले जाहेरवालाको बुवासँग नगद, मोटरसाइकल,चार चक्का तथा काठमाडौमा जग्गा समेत खरिद गरी दिन भनेको छैन। जाहेरवालाको विवाह मेरो छोरासँग भई दुवै जनासँगै काठमाडौ गई त्यही बस्दै आएकोमा पछि बुहारी जनकपुरस्थित घरमा आई मसँग समेत वादविवाद गरी रहने हुँदा म र मेरो पति जाहेरवाला तथा निजको पतिसँग भिन्न भई बस्दै आएको हुँदा निजले मलाई समेत फसाउनको लागि जाहेरी दिएका हुन। जाहेरीमा जाहेरवालालाई दाइजो लागि कुटपिट गरी घरबाट निकाला समेत नगरेको हुँदा मलाई अभियोग माग दावी अनुसार सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादी लालमणी देवीले सुरु अदालतमा गरेको वयान।

९. **सुरु अदालतको आदेशः** पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल प्रतिवादी लालमणी देवीलाई निजउपर लगाइएको कसूरको प्रकृति, कसूर हुँदाको अवस्था, परिस्थिति एवं अभियोग दावी समेतका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७२ समेतलाई दृष्टिगत गरी दफा ६८ बमोजिम रु. ५०,०००।- (अक्षरेपी पचास हजार रुपैयाँ) नगद धरौट वा जमानत वा विना सर्तको बैंक जमानत दिएमा लिई तारेखमा राख्नु भन्ने यस अदालतको मिति २०८०।१२।३० मा भएकोआदेश अनुसार प्रतिवादी धरौट तारेखमा रहेको।

१०. **प्रतिवादी शिवशंकर प्रसाद साहले सुरु अदालतमा गरेको बयानः**- मैले अभियोग दावी वमोजिमको कुनै कसूर अपराध गरेको छैन। मैले जाहेरवाला पुजा साहसँग कहिले पनि दाईजो स्वरुप चार चक्का गाडी र काठमाडौमा जग्गा दिनका लागि दुःख तकलिफ दिएको छैन। विवाह भए पश्चात् जाहेरवाली पुजा साहको विभिन्न केटासँग Affair चल्दै आएकोमा

निजको घर परिवारलाई जानकारी गराउँदा सोही रिसइवीका कारणले जाहेरवाली पुजा साहले म समेतलाई धाक धम्की दिई फसाउने नियतले प्रस्तुत मुद्दा दिएका हुन। मैले जाहेरवालीलाई कुटपिट गरेको छैन। दाईजो पनि माग गरेको छैन। दाईजो माग नगरेको हुनाले मलाई सजाय हुनु पर्ने होईन, सफाई पाउँ भन्ने प्रतिवादी शिवशंकर प्रसाद साहले सुरु अदालतमा गरेको वयान।

११. **प्रतिवादी देवनारायण साहले सुरु अदालतमा गरेको बयानः**- मैले अभियोग दावी वमोजिमको कुनै कसूर अपराध गरेको छैन। जाहेरीमा उल्लेख भए अनुसार मैले जाहेरवाला पुजा साहसँग कहिले पनि दाईजो स्वरुप चार चक्का गाडी र काठमाडौमा जग्गा दिनका लागि दुःख तकलिफ दिएको छैन। विवाह भए पश्चात् जाहेरवाली पुजा साहको विभिन्न केटासँग Affair चल्दै आएकोमा निजको घर परिवारलाई जानकारी गराउँदा सोही रिसइवीका कारणले जाहेरवाली पुजा साहले म समेतलाई धाक धम्की दिई फसाउने नियतले प्रस्तुत मुद्दा दिएका हुन। मैले जाहेरवालीलाई कुटपिट गरेको छैन। दाईजो पनि माग गरेको छैन। दाईजो माग नगरेको हुनाले मलाई सजाय हुनु पर्ने होईन। सफाई पाउँ भन्ने प्रतिवादी देवनारायण साहले सुरु अदालतमा आई गरेको वयान।

१२. **सुरु अदालतको आदेशः** पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादी देवानारायण साह र शिवशंकर प्रसाद शाहबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ लाई दृष्टिगत गरी दफा ६८ बमोजिम जनही रु.५०,०००।- (पचास हजार रुपैयाँ) नगद वा जेथा जमानत वा बैंक ग्यारेन्टी माग गरी दिए मुद्दा पुर्पक्षको लागि तारेखमा राखू भन्ने सुरु अदालतको मिति २०८१।१।६ को आदेशअनुसार प्रतिवादीहरू धरौट तारेखमा रहेको।

१३. **प्रतिवादी संजय साहले सुरु अदालतमा गरेको बयानः**-म उपरको अभियोग माग दावी झुठ्ठा हो। मेरो विवाह आज भन्दा करिव ६ वर्ष अगाडि भक्तपुर बस्ने संजय साहसँग भई म आफ्नो ससुराली घर भक्तपुरमा बस्दै आएकोमा जाहेरवालासँग मेरो भाईको विवाह लागेकोमा विवाहमा पाहुनाको रुपमा सहभागी भई पुनः म आफ्नो घरमा बस्दै आएको हुँदा मेरो भाईको विवाहमा जाहेरवालाको बुवा आमाले के कति दाइजो दिएका हुन वा होइनन सो समेत मलाई थाहा छैन। मैले जाहेरवालासँग दाइजोमा काठमाडौमा घर र चार चक्का मागेर ल्यान कसैलाई भनेको समेत छैन। मेरो आफ्नो घर र गाडी समेत रहेकोले मैले कसैलाई पनि घर र गाडी किन्नको लागि भनेको छैन। जाहेरवालाको मेरो बुवा, आमा र भाईसँग के कुन कुराको रिसइवी रहेको छ। सो समेत मलाई थाहा जानकारी नरहेको हुँदा मैले दाइजोको लागि जाहेरवाला पुजा साहलाई कुटपिट, गाली बेइज्जती गरी घरबाट निकाला समेत नगरेको हुँदा मलाई प्रस्तुत अभियोग दावी अनुसार सजाय हुनु पर्ने होइन भन्ने वेहोराको प्रतिवादी संजय साहले सुरु अदालतमा गरेको बयान।

१४. **प्रतिवादी गौरी साहले सुरु अदालतमा गरेको बयानः**- म उपरको अभियोग माग दावी झुठ्ठा हो। जाहेरीमा उल्लेख भए अनुसार मैले जाहेरवालासँग दाइजो मागेको छैन र माग्ने कुरा पनि आउदैन। मेरो विवाह २०७५ सालमा जाहेरवालाको पति शिव शंकर साहको बहिनी

गौरी कुमारी साहसँग हुँदा समेत मैले कुनै दाइजो नलिएकोले मैले आफ्नो सालोको लागि दाइजो माग्ने काम गरेको छैन। मेरो ससुराली जनकपुरमा रहेको र म आफ्नो परिवार सहित भक्तपुरमा बस्दै आएको हुँदा जाहेरवालाको विवाहमा के कति दाइजो दिएको छ वा छैन सो समेत मलाई थाहा छैन र मैले जाहेरवालालाई दाइजो लागि कुटपिट, गाली बेइज्जती गरी घरबाट निकाला गर्ने कार्य समेत नगरेको हुँदा मलाई प्रस्तुत अभियोग माग दावी अनुसार सजाय हुनु पर्ने होइन भन्ने वेहोराको प्रतिवादी गौरी साहले सुरु अदालतमा गरेको बयान।

१५. **सुरु अदालतको आदेशः** पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल प्रतिवादीहरु संजय साह र गौरी कुमारी साहलाई निजहरु उपर लगाइएको कसूरको प्रकृति, कसूर हुँदाको अवस्था, परिस्थिति एवं अभियोग दावी समेतका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतलाई दृष्टिगत गरी दफा ६८ बमोजिम जनही रु. ३०,०००।-(तीस हजार रुपैयाँ) नगद धरौट वा जमानत वा विना सर्तको बैंक जमानत दिएमा लिई तारेखमा राख्नु भन्ने सुरु अदालतबाट मिति २०८१।१।९ मा भएको आदेशअनुसार प्रतिवादीहरु धरौट तारेखमा रहेको।

१६. **प्रतिवादीहरुको साक्षी मंगल मण्डलले सुरु अदालतमा गरेको वकपत्रः-** जाहेर दरखास्त झुठा हो। जाहेरवाली पुना साह र प्रतिवादी शिव शंकर साह वीच पति पत्नी वीच मन मुटाव, वाद विवाद हुने गरेकोमा जाहेरवालीले मानसिक तनाव समेत गरेकोले प्रतिवादी शिव शंकर साहले यसै अदालतमा सम्बन्ध विच्छेद मुद्दा दर्ता गराएकोले जाहेरवालीले वदला, प्रतिसोध लिनको लागि यो झुठा मुद्दा दिएको हो। जाहेरवाली र प्रतिवादी शिव शंकर साह वीच आदर्श विवाह भएको हो। प्रतिवादीहरुले कुनै किसिमले दाइजो लेनदेन नभएको तथा थप दाइजो समेत मागेको छैन। प्रतिवादीहरुले सफाई पाउनु पर्ने हो भन्ने प्रतिवादीहरुको साक्षी मंगल मण्डलले सुरु अदालतमा गरेको वकपत्र।

१७. **जाहेरवाली पुजा साहले सुरु अदालतमा गरेको बकपत्रः-** मिति २०८०।८।१० गतेमा जनकपुर उप-महानगरपालिका वडा नं.९ को घरमा सबै जना भएको बेला प्रतिवादी मेरो पति, सासु, पतिको दिदी र भिनाजु दाइजो स्वरुप चार चक्का गाडी र काठमाडौमा जग्गा माग गरेकोमा मेरो बुवाले नकिनिदिएको निहुँमा सबै जना मिली मलाई कुटपिट गरेको हो। सोहि विषयमा पंचायत हुँदा अब हामी यस दाइजोको लागि कुटपिट, गाली, बेइज्जती गर्दैनौं भनेको मिति २०८०।८।१८ गते प्रतिवादीले कुटपिट समेत गरी घरबाट निकाला गरेको हो। हाम्रो विवाहमा प्रतिवादीहरुले दाइजो स्वरुप नगद रुपैंया पचिस लाख, पन्ध्र तोला सुन, एफ जेड मोटरसाइकल, फर्निचरका समानहरु, केटाकेटीहरुको कपडा माग गरेकोमा हाम्रो माइती तर्फबाट नगद रु.१५ लाख, १३ तोला सुन, एफ जेड मोटरसाइकल, फर्निचरका सामानहरु र केटाकेटीको कपडा दिएको विल तथा फोटोहरु मसँग छ। थप दाइजो ल्याउ नभए दिदीको ४ वर्षको छोरीको हेरचाह तथा स्याहार सुसार गर्नुपर्छ तथा यसरी नै यातना दिन्छौं भनेको हो। मेरो बुवाले थप दाइजो नदिएको कारण यस अदालतमा सम्बन्ध विच्छेद मुद्दा दिएको हो भन्ने जाहेरवाली पुजा साहले सुरु अदालतमा गरेको बकपत्र।

१८. **प्रतिवादी लालमणी देवीको साक्षी राम गोविन रायले सुरु अदालतमा गरेको वकपत्रः-** प्रतिवादीले कुनै पनि किसिमको दाइजो वा थप दाइजो माग गरेको छैन। कुनै प्रकारको यातना कुटपिट गाली गलौज गरेको छैन। निज प्रतिवादी लालमणी देवी थाइराइड, प्रेसर र सुगरको दिर्घ रोगी भएकोले औषधी सेवन गर्दै आईरहेको छ।मोटरसाईकल प्रतिवादीले आफै खरिद गरेको छ, मिति थाहा छैन। यि प्रतिवादी निर्दोष रहेको हुनाले अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने राम गोविन रायले सुरु अदालतमा गरेको वकपत्र।

१९. **वादी नेपाल सरकारको साक्षी सुजन कुमार साहले सुरु अदालतमा गरेको वकपत्रः-** जाहेरवाली र प्रतिवादी शिव शंकर साह वीच विवाह हुँदा प्रतिवादीहरुले दाइजो स्वरुप नगद रुपैंया पचिस लाख, पन्ध्र तोला सुन, एफ जेड मोटरसाइकल, फर्निचरका समानहरु, केटाकेटीहरुको कपडा माग गरेकोमा हाम्रो माइतीतर्फबाट नगद रु.१५ लाख, १३ तोला सुन, एफ जेड मोटरसाइकल, फर्निचरका सामानहरु र केटाकेटीको कपडा दिएको थियो। मिति २०८०।८।१० गते जाहेरवालीलाई प्रतिवादीहरुले कुटपिट गरेको थियो। सोही विषयमा पंचायत भएकोमा पुनः मिति २०८०।८।१८ मा जाहेरवालीलाई कुटपिट समेत गरी घरबाट निकाला गरिदिएको थियो भन्ने वादी नेपाल सरकारको साक्षी सुजन कुमार साहले सुरु अदालतमा गरेको वकपत्र।

२०. **वादी नेपाल सरकारको साक्षी अशुतोष कुमार साहले सुरु अदालतमा गरेको वकपत्रः-** जाहेरवालीलाई प्रतिवादीहरु गाली गलौज, कुटपिट र घरबाट निकाला सम्बन्धमा बसेको सामाजिक पंचायतमा म उपस्थित थिएँ। तर घटनास्थलमा मेरो उपस्थिति थिएन भन्ने वेहोराको वादी नेपाल सरकारको साक्षी अशुतोष कुमार साहले सुरु अदालतमा गरेको वकपत्र।

२१. **प्रतिवादी लालमणी देवीको साक्षी राज यादवले सुरु अदालतमा गरेको वकपत्रः-** जाहेरी दरखास्त झुठा हो। प्रतिवादी शिव शंकर प्रसाद साहले जाहेरवाली पुजा साहको गलत आचरण सहन नसकी सम्बन्ध विच्छेद मुद्दा दिएपछि उसको सम्पूर्ण परिवारलाई दुःख दिने वदनियतले यो जाहेरी दिएको हो। प्रतिवादी लालमणी देवीलाई अभियोग मागदावी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने प्रतिवादी लालमणी देवीको साक्षी राज यादवले सुरु अदालतमा गरेको वकपत्र।

२२. **घटना विवरण कागजका नथु साहले सुरु अदालतमा गरेको वकपत्रः-** हाम्रो परम्परा अनुसार दुवै पक्षले मन परेपछि केटा पक्षबाट पचिस लाख, पन्ध्र तोला सुन, एफ जेड मोटरसाइकल, फर्निचरका समानहरु, केटाकेटीहरुको कपडा दाइजो माग गरेकोमा केटा डाक्टर भएको सुखी सम्पन्न परिवार भएकोले नगद रु.१५ लाख, १३ तोला सुन, एफ जेड मोटरसाइकल, फर्निचरका सामानहरु र केटाकेटीको कपडा दिएको थियो। विवाह पश्चात थप दाइजोको रुपमा चार पाङ्ग्रे गाडी र काठमाण्डौमा घर किनिदे, म डाक्टर हुँ भनि छोरीलाई मानसिक तनाव दिने, कुटपिट गर्ने कार्य पटक पटक मेरो ज्वाईंले गर्नुहुन्थ्यो। सोही थप दाइजो नदिएकोले म तिमीलाई सम्बन्ध विच्छेदको मुद्दा दिन्छु भनेर मेरो छोरालाई फोन मार्फत कुटपिट, गाली गलौज र मानसिक तनाव गर्ने गर्थ्यो भन्ने घटना विवरण कागजका नथु साहले सुरु अदालतमा गरेको वकपत्र।

२३. **घटनास्थल मुचुल्काका शिवशंकर साहले सुरु अदालतमा गरेको वकपत्रः-** म घट्नास्थलमा पुगेको थिएन। उक्त घट्ना सम्बन्धमा गाउँ समाजमा पंचायत हुँदा म पनि उपस्थित थिएँ। जाहेरवाली मेरो साखै भान्जी नातामा पर्छ। परम्परा अनुसार मेरो विहेमा मलाई ५ कठ्ठा खेत दाइजो स्वरुप दिएको हो भन्ने वेहोराको घटनास्थल मुचुल्काका शिवशंकर साहले सुरु अदालतमा गरेको वकपत्र।

२४. **सुरु अदालतको फैसलाः-** प्रतिवादीहरुले जाहेरवालासँग दाइजो मागी कुटपिट गरेको छैन गरेको भन्ने प्रतिवादी लालमणी देवीको अनुसन्धानको वयान, सो बमोजिमको अदालतको वयान तथा अन्य प्रतिवादीहरुको अदालतको इन्कारी बयान समर्थित हुन आई प्रतिवादीहरुले अभियोग दावीको कसुर गरेको पुष्टि हुन सकेन। प्रतिवादीहरु लालमुनी देवी, देवनारायण साह, शिव शंकर प्रसाद साह, संजय साह र गौरी कुमारी साहलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७४(३) बमोजिमको कसुरमा दफा १७४(४) बमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुग्न नसकी प्रतिवादीहरु लालमणी देवी, देवानारायण साह, शिवशंकर प्रसाद साह, संजय साह र गौरी कुमारी साहले वादी नेपाल सरकारको अभियोग दावीवाट सफाइ पाउने ठहर्छ भन्ने समेत ब्यहोराको सुरु जिल्ला अदालतबाट भएको फैसला।

२५. मिति २०८०।०२।२५ गते जाहेरवालीको बिवाह प्रतिवादी शिवशंकर प्रसाद साहसँग भएको बेला सामाजिक परम्परा अनुसार जाहेरवालीको घरपरिवारका ब्यक्तिहरुले प्रतिवादी पक्षहरुलाई नगद रु.१५,००,०००/-(पन्ध्र लाख), Fz मोटरसाइकल, १३ (तेह्र तोला सुन) दिई विवाह भएको तथा मिति २०८०।०८।१६ गते पंचायत बसेको र विवाहमा लेनदेन भएको तथ्य जाहेरवालीले पेश गरेको पेनड्राईभमा भएको गरगहनाका विषयमा भएको कुराकानीको अडियो रेकर्डबाट समेत थप पुष्टि भएको देखिन्छ। मेरो बुवाले थप दाईजो दिन नसकेका कारण प्रतिवादी शिव शंकर साहले म उपर सम्बन्ध विच्छेदको मुद्दा गरेका हुन भन्ने समेतको जाहेरवाली पुजा साहले गरेको वकपत्र, प्रतिवादीहरुले विवाहमा २५ लाख नगद, १५ तोला सुन, FZ मोटरसाईकल लगायत माग गरेको थिए। विवाहपछि पनि प्रतिवादीहरुले चार चक्काको गाडी र काठमाडौमा घर माग गरी मेरो छोरीलाई यातना दिने, कुटपिट गर्ने घर निकाला गर्ने कार्य गरेको हुन भनि जाहेरवालीको बुबा नथु साहले गरेको वकपत्र समेतबाट प्रतिवादीहरु उपरको वारदात कसूर खम्बिर भईरहेको अवस्था देखिन्छ। जाहेरवालीउपर दाईजो निहुँमा अपमानजनक तथा अमानवीय व्यवहार गरिएको छ, छैन कुनै हैरानी दिएको छ/छैन भनि हेरिनुपर्ने हो। पीडितउपर प्रतिवादीहरुले लात मुक्काले कुटपिट गरेकोमा मौकामा घाउजाँच हुन नसकेको देखिए पनि, घाउजाँचै नभएकै कारण मात्र जाहेरवालीको ससुराली घरमा भएको घटनाका प्रत्यक्षदर्शीहरु सबै हुन सक्ने, घरका सदस्यहरु सबै जना जाहेरवालीको विपक्षमा रहेको अवस्था देखिएकोमा प्रस्तुत मुद्दामा पत्यक्षदर्शी साक्षी स्वंम जाहेरवाली नै हुन। यस्ता अपराध प्रतिवादीहरुले कसैलाई जानकारी दिएर गर्ने भन्ने अनुमान गर्न सकिने सम्मको अवस्था रहदैन। यस्तो अपराध पीडित उपर गरिने हुनाले पीडितलाई तर्साउने, बढी भन्दा बढी मानसिक पीडा दिने हुँदा

मानसिक पीडालाई पीडितले नै व्यक्त गर्न सक्ने हुन्छ। पीडितले आफू उपर घटेको कसूर सम्बन्धमा मौकामा जाहेरी दरखास्त दिएको अवस्था देखिन्छ भने उक्त मौकाको जाहेरी दरखास्त व्यहोरालाई पूर्ण रुपमा समर्थन गर्ने गरी अदालतमा आएर समेत बकपत्र गरिदिएको देखिन्छ। प्रतिवादीहरु लालमणी देवी, देव नारायण साह, शिव शंकर प्रसाद साह, संजय साह र गौरी कुमारी साहलाई अभियोग दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र।

**ठहर खण्ड**

२६. नियमानुसार साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पर्न आएको पुनरावेदनपत्र सहितको सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय जनकपुरका विद्वान सहायक-न्यायाधिवक्ता धर्मेन्द्र दासले प्रतिवादीहरुले दाईजोको लागि जाहेरवालालाई कुटपिट गरेको घटनास्थल मुचुल्काबाट देखिन्छ। पीडितले आफूउपर घटेको कसूरको सम्बन्धमा मौकामा जाहेरी दरखास्त दिएको अवस्था देखिन्छ भने जाहेरी दरखास्त व्यहोरालाई पूर्ण रुपमा समर्थन गरी जाहेरवालाले अदालतमा आएर समेत बकपत्र गरिदिएको देखिन्छ। प्रतिवादीहरुको मिलेमतोमा जाहेरवाली पुजा साहलाई थप दाईजोको निहुँमा गाली बेईज्जती तथा कुटपिटको कार्य समेत गरी गाली बेईज्जती समेत गरी घाँटी घोक्रयाई घरबाट बाहिर निकाला गरी अमानवीय व्यवहार गरेकोले प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७४(३) बमोजिमको कसुरमा दफा १७४(४) बमोजिम सजाय गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस जिकिर समेत सुनियो।

२७. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान उप-न्यायाधिवक्ताको बहस सुनी शुरु जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नहरुमा केन्द्रित भई निर्णय दिनु पर्ने देखियो।

२८. निर्णयतर्फ विचार गर्दा, मिति २०८०।०२।२५ गते जाहेरवालीको बिवाह प्रतिवादी शिवशंकर प्रसाद साहसँग भएको बेला सामाजिक परम्परा अनुसार जाहेरवालीको घरपरिवारका ब्यक्तिहरुले प्रतिवादी पक्षहरुलाई नगद रु.१५,००,०००/-(पन्ध्र लाख), Fz मोटरसाइकल, १३ (तेह्र तोला सुन) दिई विवाह भएको तथा मिति २०८०।०८।१८ गते थप दाईजोको निहुँमा जाहेरवालीको श्रीमान शिवशंकर प्रसाद साह, निजको बुवा देवनारायण साह, आमा लालमुनी देवी, दिदी गौरी कुमारी साह, निजकै भिनाजु संजय कुमार साहसमेतले जाहेरवाली पुजा साहलाई थप दाईजोको निहुँमा गाली बेईज्जती तथा कुटपिटको कार्य समेत गरी घोक्रयाई घरबाट बाहिर निकाला गरी अमानवीय व्यवहार गरेकोले प्रतिवादीहरु लालमुनी देवी, देव नारायण साह, शिव शंकर प्रसाद साह, संजय साह र गौरी कुमारी साहलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७४(३) बमोजिमको कसुरमा दफा १७४(४) बमोजिम सजाय गरी पाउन मागदावी लिई पेश भएको वादी नेपाल सरकारको अभियोगपत्र रहेको देखिन्छ। प्रतिवादीहरु लालमुनी देवी, देव नारायण साह, शिव शंकर प्रसाद साह, संजय साह र गौरी कुमारी साहलाई मुलुकी अपराध संहिता २०७४ को दफा

१७४(३) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १७४(४) बमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुग्न नसकी प्रतिवादीहरु लालमणी देवी, देवानारायण साह, शिवशंकर प्रसाद साह, संजय साह र गौरी कुमारी साहले वादी नेपाल सरकारको अभियोग दावीवाट सफाइ पाउने ठहराई सुरु अदालतबाट फैसला हुँदा उक्त फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन पर्न आएको देखियो।

२९. प्रतिवादीहरूउपर विवाहमा कम दाइजो ल्याएको र विवाहपछि थप दाइजो नल्याएको भनी जाहेरवालासँग दाइजो मागी जाहेरवालालाई शारीरिक तथा मानसिक यातना दिएको, जाहेरवालालाई घरबाट निकाला गरेको भन्ने किटानी जाहेरी दरखास्त र अभियोगपत्र देखियो। सबै प्रतिवादीहरूले अभियोग दावीको कसूर गरेकोमा इन्कार रही अनुसन्धान तथा अदालतमा बयान गरेको देखियो। प्रतिवादीका साक्षीहरूले प्रतिवादीको बयानलाई समर्थन हुने गरी बकपत्र गरेको देखियो। जाहेरवालालाई प्रतिवादीहरूले कुटपिट गरेको भन्ने जाहेरी र जाहेरवालाको बकपत्र भएतापनि जाहेरवालाले यस्तो कुटपिट गरेको देखिने घाउजाँच केश फाराम लगायतका प्रमाणहरू वादीले पेस गर्न सकेको देखिंदैन। प्रतिवादी शिवशंकर प्रसाद साह र जाहेरवाला पूजा साह पति पत्नी भई निजहरू विच सामान्य मनमुटाव, वादविवाद, झगडा वा गाली गलौज भएकै भए पनि सो दाइजोको बिषयमा भएको हो भन्ने प्रमाणबाट पुष्टि भएको देखिंदैन।

३०. जाहेरवालाले २०८० सालमा खरिद गरेको वाशिङ्ग मेशिन, पलङ्ग, सोफा, दराज समेतका सामान खरिद गरेका विल भरपाइहरू जिल्ला प्रहरी कार्यालयमार्फत अदालतमा पेस गरेको भएतापनि ती सामानहरू प्रतिवादी पक्षलाई दाइजो स्वरूप दिएको भन्ने देखिंदैन। यस्तै पृथ्वी मोटर्समा जम्मा गरेको नगद जाहेरवालाले प्रतिवादीलाई दाइजोको सामान खरिद गर्दा भुक्तानी दिएको भन्ने पनि पुष्टि भएको छैन। अर्कोतर्फ वादीले आफ्ना प्रमाण अभियोगपत्रसाथ र प्रतिवादीले बयानसाथ पेस गर्नुपर्ने कानूनी व्यवस्था भएकोमा सोको विपरीत मुद्दा फैसला हुने समयमा अदालतको अनुमति समेत नलिई पेस गरेको देखिन्छ। यस्तै बिषयबस्तु समावेश भएको नेपाल सरकार विरूद्ध पारसनाथ पाठकसमेत भएको मुद्दामा सरकारवादी फौजदारी मुद्दामा मुद्दा हेर्ने सम्बन्धित अड्डाको आदेश विना अभियोगपत्र वा प्रतिवादीको बयानमा उल्लेख नभएका साक्षी वा प्रमाणहरु जुनसुकै अवस्थामा ग्राह्य हुने वा त्यसरी पेश भएका प्रमाणहरुले प्रामाणिक महत्व राख्न सक्ने देखिंदैन भनी सर्वोच्च अदालतबाट व्याख्या भएको छ।[1] यस्तै प्रेमबहादुर रानाको जाहेरीले नेपाल सरकार विरूद्ध अनिल श्रेष्ठसमेत भएको अर्को मुद्दामा [2] प्रमाण पेस गर्ने जिम्मेवारी भएको पक्षले उचित कार्यविधि पुऱ्याएर पेस गरेको प्रमाण मात्र अदालतले स्वीकार गर्नुपर्ने हुन्छ। कानूनले नदिएको अधिकारको प्रयोग गरी, प्रक्रिया पूरा नगरी गराएको कागजलाई आधार मानी निजका विरूद्ध प्रमाणमा लिई कसुरदार ठहर गर्नु न्यायसम्मत नहुने भनी सर्वोच्च अदालतबाट व्याख्या भएको देखिन्छ। यसर्थ सरकारवादी मुद्दामा अभियोगपत्रसाथ पेस

[1] नेकाप २०६५ अंक ९, नि. नं ८०१४

[2] नेकाप २०८० बैशाख, नि.नं ११०१३

नगरी वा पछि पनि अदालतको अनुमति नलिई पेस गरेका यस्ता कागजहरू प्रमाणमा ग्राह्य हुने पनि देखिएन।

३१. साथै मिति २०८०।८।१० गतेको वारदात भनी जाहेरी दरखास्त र अभियोगपत्रमा उल्लेख भएकोमा मिति २०८०।१२।२८ मा मात्र अभियोगपत्र अदालतमा दर्ता भएको देखिदा उक्त अभियोगपत्र मुलुकी अपराध संहिता, २०७४ को दफा १७६ बमोजिम कसूर भए गरेको तीन महिनाको हदम्यादभित्र दर्ता भएको पनि देखिएन। कसैउपर कुनै कुराको अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन। प्रमाण ऐन,२०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादीमा रहनेमा सोबमोजिम वादीले बस्तुनिष्ठ प्रमाण पेस गरी प्रतिवादीहरूउपरको अभियोग पुष्टि गर्न सकेको देखिएन। प्रमाणको अभावमा केवल जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र तथा अभियोगपत्र मात्रको आधारमा प्रतिवादीहरूले अभियोग दावीको कसूर गरेको भनी कसूरदार ठहऱ्याई सजाय गर्न मिने देखिएन। यसर्थ प्रतिवादीहरुलाई सफाई दिने सुरु फैसला अन्यथा नदेखिदा प्रत्यर्थी झिकाई पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

३२. अतः माथि उल्लिखित कारण र प्रमाण समेतका आधारमा प्रतिवादीहरु लालमुनी देवी, देव नारायण साह, शिव शंकर प्रसाद साह, संजय साह र गौरी कुमारी साहले अभियोग दावीबाट सफाई पाउने ठहरी सुरु धनुषा जिल्ला अदालतबाट मिति २०८१।०३।२३ मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई दिनू.................................................................................१
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू......................२
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गर्नू.......................................३
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू.......................४

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(ओम प्रसाद अर्याल)
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने :***

इजलास अधिकृतः सुनिल कुमार चौहान

टाईप गर्नेः चाँदनी शर्मा

इति सम्वत् २०८१ साल माघ ०४ गते रोज ४ शुभम् ..........................................।

प्रमाणीकरण मिति : २०८१।१०। न्यायाधिश अदालतको छाप